प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय

# कृषि विकास निर्देशनालय

बुटवल, नेपाल

फोन नं.: ०७१-५२००४०
९८५६२००३०५
वेबसाइट: doad.p5.gov.np
ईमेल: doad.p5@gmail.com
फेसबुक पेज: https://www.facebook.com/doad.p5

पत्र संख्या: २०७८/७९
चलानी नं.: ६१

प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
कृषि विकास निर्देशनालय
रुपन्देही, नेपाल

मिति: २०७८।०६।१४

**विषय: सूचना टाँस गरि प्रचारप्रसार गरिदिने बारे।**

श्री बुटवल उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रुपन्देही।
श्री शुद्धोधन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही।
श्री कञ्चन गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही।
श्री मर्चवारी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही।
श्री रोहिणी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही।
श्री देवदह नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रुपन्देही।
श्री गैडहवा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही।
श्री प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन इकाई, भैरहवा।

प्रस्तुत विषयमा यस निर्देशनालय अन्तर्गत रुपन्देही जिल्लामा आ.व. २०७८।७९ को संघिय शशर्त अनुदान कार्यक्रम अन्तर्गत सञ्चालन हुने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत व्यवसायिक कृषि उत्पादन केन्द्र(ब्लक) विकास कार्यक्रम सञ्चालनको लागि आवेदन माग सम्बन्धी यसैसाथ संलग्न सूचनाको छाँयाप्रति तहाँ कार्यालयको सूचना पाटीमा टाँस गरी दिनु हुन अनुरोध छ। साथै तहाँ पालिकाभित्र व्यवसायिक खेतीमा आवद्ध तोकिएको मापदण्ड पुगेका कृषकहरुलाई जानकारी हुने गरी तहाँ कृषि शाखाको माध्यमबाट प्रचारप्रसार हुने व्यवस्थाको लागी समेत अनुरोध छ।

(१४।०६)
...............................
राम प्रसाद पाण्डे
वरिष्ठ कृषि प्रसार अधिकृत
(अधिकृतस्तर दशौं)

प्रमुख

बोधार्थ:
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय, लुम्बिनी प्रदेश, मुकाम: बुटवल।

" समृद्ध प्रदेश, खुशी जनता "

प्रदेश सरकार

लुम्बिनी प्रदेश

कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय

# कृषि विकास निर्देशनालय

रुपन्देही, नेपाल

## प्रस्ताव आह्वानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८/०६/१४ गते

यस निर्देशनालय अन्तर्गत रुपन्देही जिल्लामा आ.व. २०७८।७९ को संघिय शशर्त अनुदान कार्यक्रम अन्तर्गत सञ्चालन हुने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत यस जिल्लाका बुटवल उपमहान.पा., शुद्धोधन गा.पा., कञ्चन गा.पा., मर्चवारी गा.पा., रोहिणी गा.पा., देवदह न.पा. र गैडहवा गा.पा. हरुमा तपसिल बमोजिमका बालीहरुको व्यवसायिक कृषि उत्पादन केन्द्र(ब्लक) विकास कार्यक्रम संचालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समूह/कृषि सहकारी संस्था/जल/वन उपभोक्ता समिति/कृषि फर्महरुले प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को अनुसूची १० बमोजिमको ढाँचा अनुसार आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले २१ दिन (२०७८।०७।०३) भित्र यस कृषि विकास निर्देशनालय, रुपन्देहीमा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ। रित नपुगेका वा म्याद नाघी आएका प्रस्तावहरुलाई छनौट प्रक्रियामा समावेश गरिने छैन।

तपसिलः

| | |
|---|---|
| तोकिएको बाली | धान, गहुँ, तोरी, आलु |
| संचालन हुने क्षेत्र | रुपन्देही जिल्लाको बुटवल उपमहान.पा., शुद्धोधन गा.पा., कञ्चन गा.पा., मर्चवारी गा.पा., रोहिणी गा.पा., देवदह न.पा. र गैडहवा गा.पा. |
| ब्लक संचालनका लागि न्यूनतम मापदण्ड | धान/गहुँ- १५० हेक्टर, तोरी- १०० हेक्टर, आलु-८० हेक्टर |
| परियोजनाबाट उपलब्ध हुने सुविधा | चालु अनुदान नविनतम उत्पादन प्रविधि प्रदर्शन तथा तालिम, उन्नत बीउ/बेर्ना/प्राङ्गारिक मल जस्ता उत्पादन सामग्री सहयोग, पूँजिगत अनुदान कष्टम हायरिङ सेन्टर स्थापना, पोष्ट हार्भेष्ट सेन्टर निर्माण, सिंचाई पूर्वाधार निर्माण/मर्मत, अन्य। |
| कार्यक्रम संचालनको लागत साझेदारी | कृषि उत्पादन सामग्रीहरु (बीउ/बेर्ना/ बिरुवा लगायत)मा कूल लागतको बढिमा ५० प्रतिशत, प्राविधिक सहयोगमा बढिमा १०० प्रतिशत, प्रयोगशाला सेवाहरुमा बढिमा ८५ प्रतिशत, कृषि औजार तथा उपकरणहरुमा बढिमा ५० प्रतिशत, साना सिंचाई पूर्वाधारहरुमा बढिमा ८५ प्रतिशत, उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरुमा बढिमा ८५ प्रतिशत। |
| हुनुपर्ने सेवा/सुविधा/पूर्वाधारहरु | (क) सडकको पहुँच भएको वा हुनसक्ने ।<br>(ख) सिंचाईको उपलब्धता भएको वा हुनसक्ने।<br>(ग) विद्युतको उपलब्धता भएको वा हुनसक्ने।<br>(घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा एउटै कोरिडोरमा रहेको। |
| कार्यक्रम संचालनको संक्षिप्त मोडालिटी | कार्यक्रम संचालनको लागि संभाव्यता अध्ययनको आधारमा निर्धारित गरिएको क्षेत्रमा आवेदन दर्ता पश्चात छनौट भएका कृषक समूह/कृषि सहकारी/कृषक समिति/कृषकहरुसँग कार्यालयले स्वीकृत कार्ययोजनाअनुसार काम गर्ने गरी सम्झौता गरी कार्यक्रम संचालन हुनेछ। |
| आवश्यक कागजातहरु | (क) सम्बन्धित निकायमा कृषि समूह/सहकारी/संस्था/समिति/कृषि फर्म दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि। |

प्रमुख

| | |
|---|---|
| | (ख) कार्यक्रम संचालन हुने स्थान(जग्गा/जमिन)को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा ५ वर्षको सम्झौतानामा।<br>(ग) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।<br>(घ) कार्य समितिको निर्णयको प्रतिलिपि।<br>(ङ) सम्बन्धित स्थानीय तहमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल, २०७७ को अनुसूची ६ बमोजिमको ढाँचामा निवेदनको साथ अनुसूची ७ बमोजिमको ढाँचामा तथ्याङ्क विवरण पेश गर्नुपर्नेछ र त्यसको स्विकृतिको सिफारिस ल्याउनु पर्नेछ।<br>(च) पान दर्ता प्रमाणपत्र र कर चुक्ताको प्रतिलिपि (सम्झौता गर्न आउँदा अनिवार्य चाहिने)। |

नोटः माथि उल्लेखित म्यान्युअल तथा आवेदनका नमूना फर्मेटहरु यस निर्देशनालय तथा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको वेबसाइट क्रमशः doad.lumbini.gov.np तथा pmamp.gov.np बाट डाउनलोड गरी हेर्न सकिनेछ। साथै थप जानकारीको लागि यस निर्देशनालयको सम्पर्क नं ०७१-४२०५४३/४२००१२ मा सम्पर्क गर्न सकिनेछ ।

निमित्त प्रमुख